# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## भक्तपुर औद्योगिक क्षेत्रभित्र संचालित उद्योगहरूको बुझाउन बाँकी कर सम्बन्धमा भक्तपुर नगरपालिकाको सूचना

भक्तपुर औद्योगिक क्षेत्रभित्रका अधिकांश उद्योगहरुले यस नगरपालिकालाई बुझाउनु पर्ने कर तथा सफाइ शुल्कको रकम विगत केही वर्षदेखि नबुझाएको विषयलाई नगरपालिकाले गम्भीर रुपमा लिएको छ । उक्त औद्योगिक क्षेत्रभित्र वातावरणमा असर पर्ने उद्योगहरु सञ्चालन गरी वायु प्रदूषण, पानी प्रदूषण, ध्वनी प्रदूषणलगायतका प्रदूषण गराएको तथा १२-१६ चक्के हेभी गाडीहरु नगर प्रवेश गराई सडक बिगारेको बारे नगरवासीहरुबाट समेत बारम्बार नगरपालिकामा गुनासो आउने गरेको छ ।

ऐतिहासिक यस भक्तपुर नगरको स्वरुप र सुन्दरतामा असर पर्ने गरी वातावरण प्रतिकूलका उद्योगहरु सञ्चालन गर्ने र नगरपालिकामा नियमित कर पनि नबुझाउने प्रवृत्ति नगरपालिका र नगरवासीहरुलाई सह्य नहुने जानकारी गराउँदै उक्त क्षेत्रका उद्योगहरुलाई यथाशीघ्र नगरपालिकामा सम्पर्क गरी बाँकी बक्यौता कर तथा सफाइ शुल्क बुझाउन नगरपालिका पुन:अनुरोध गर्दछ, अन्यथा कर तिर्न बाँकी उद्योगहरुको नाम नामेसीसहितको कर बक्यौता विवरण सार्वजनिक गरी कर असुली प्रक्रियाको कानुनी कारबाही अघि बढाइने व्यहोरा सम्बन्धित उद्योगीहरुमा जानकारी गराइन्छ ।

**भक्तपुर नगरपालिका**